जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक २१४ | २०७८ साल चैत १३ गते आइतबार (27 Mar. 2022 Sunday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

महिला अधिकारलाई नारामा मात्र होइन,
व्यवहारमा परिणत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : आचारसंहिताको पूर्णपालनमा. ३ पृष्ठमा : स्थानीय पाठ्यक्रम लागू गर्ने.. ३ पृष्ठमा : बेलायतले युक्रेनलाई दुई मिलियन

## दुर्घटनामा गम्भिर घाइते भएका खंगको रकम अभावमा उपचार रोकियो



**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

दश दिनअघि राजविराज-रुपनी सडक खण्डको रायपुरमा दुर्घटनामा परि गम्भिर घाइते भएका राजविराज ९ मलेठका ३३ वर्षिय रामकुमार खंगको उपचारमा रकम अभाव भएपछि अस्पतालले उनको उपचार रोकेको छ।

हाल उनको बिराटनगरस्थित गोल्डेन अस्पतालमा उपचार भइरहेको छ । उनी सवार मोटरसाइकल र विपरित दिशाबाट आउँदै गरेको साइकल एक आपसमा ठोकिदा खंग गम्भिर घाइते भएका थिए ।

सो दुर्घटनामा साइकल सवार रुपनी गाउँपालिका ३ निवासी ३८ वर्षि जितेन्द्र मण्डल पनि गम्भिर घाइते भए । मण्डलको पनि सोही अस्पतालमा उपचार भइरहेको छ ।

टाउँको र अनुहारमा गहिरो चोट लागेका खंगको उपचारमा हालसम्म तीन लाख ८४ हजार रुँपैया सकिएको पत्नी रामरतिले बताइन् । हालसम्मको उपचार खर्चको १ लाख ४४ हजारको बिल तिर्न बाँकी नै छ । अस्पतालले बाँकी १ लाख ४४ हजार र थप उपचारका लागि २ लाखको जोहो गर्न भनेपछि पत्नी रामरति तनावमा रहेकी छिन् ।

आइसियुमा राखेर उपचार भइरहेका उनको दैनिक उपचार खर्च बढ्दै गएपछि समस्यामा परेको सुनाउँदै उनले अहिलेसम्मम त ऋण साप्टीबाट काम चलाइयो अब त्यो उपाय पनि रहेन् । स्थानिय एक रात्री बसमा खलासी (सहचालक) को काम उनी गर्दै आएका थिए ।

यसैबीच उपचार खर्चको अभावमा समस्यामा परेका खंगलाई बचाउन शनिबार स्थानिय समाजसेवी राजविराज नगरपालिका ९ निवासी रामजी यादवले पहल थालेका छन् । २५ हजार रुँपैया सहयोग गरेका उनले थप खर्च जुटाउन सहयोग संकलन अभियान थालेका छन् ।

## सशस्त्रद्वारा ७८ किलो गाँजा बरामद

**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित कोसी नदीको नहर नजिकबाट शनिबार लागूऔषध गाँजा बरामद भएको छ ।

सशस्त्र प्रहरी बल नं ६ गण हेडक्वार्टर, विष्णुपुर ६ का गणपति प्रदीप खड्काको नेतृत्वको टोलीले नहर नजिक रहेको झाडीबाट ७८ किलो गाँजा बरामद गरेको हो ।

सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस क्याम्प भारदहका अनुसार प्रहरीलाई देखेपछि गाँजाको पोका पारेको बोराहरू बेवारिसे अवस्थामा छाडेर तस्करहरू फरार भएका थिए ।

## जसपाका सांसद साहमाथी आक्रमण



**दैनिक समाचारदाता**
**सर्लाही, १२ चैत ।**

जनता समाजवादी पार्टीले संघीय सांसद एवं प्रमुख सचेतक प्रमोद साहमाथि नेकपा एमालेका कार्यकर्ताहरुले आक्रमण गरेको आरोप लगाएको छ ।

शनिबार बिहान सर्लाहीको ईश्वरपुर नगरपालिकामा जसपाका प्रमुख सचेतक साहमाथि आक्रमण भएको थियो । उक्त आक्रमणमा साहको टाउकोमा चोट लागेर घाइते भएका छन् ।

घाइते सांसद साहलाई उपचारका लागि हेलिकप्टर मार्फत काठमाडौं लगिएको छ । उनीमाथि एमालेका कार्यकर्ताहरूले आक्रमण गरेको जसपाको आरोप छ ।

जसपाका केन्द्रीय कार्यालय प्रमुख प्रकाश अधिकारीले विज्ञप्ति जारी गर्दै दोषीमाथि कारबाही माग गरेका छन् । विज्ञप्तिमा भनिएको छ, 'उक्त घटनाका दोषीमाथि अविलम्ब कडाभन्दा कडा कारबाही गर्न तथा शान्ति सुरक्षाको प्रत्याभूति हुने गरी काम गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछ ।'

पार्टी कामको सिलसिलामा गृहजिल्ला पुगेका साहमाथि सुनियोजित ढंगले आक्रमण भएको र त्यसमा एमाले दर्जनौं कार्यकर्ता संलग्न रहेको जसपाको आरोप छ ।



# सम्पादकीय ....

## आफ्नोभन्दा राम्रो मान्छे छानौं

आगामी बैशाख ३० गते स्थानीय तहको निर्वाचन हुने निश्चित भएको छ । निर्वाचन गराउने मुख्य जिम्मेबारी बोकेको निर्वाचन आयोगका साथै अन्य निकायहरुले पनि आ-आफ्नो तयारी शुरु गरिसकेको छ । म्यादी प्रहरीका निम्ति आवेदन परिसकेको छ । मतपत्र छाप्ने प्रकृया अगाडि बढिसकेको छ भने मतदान केन्द्रहरु राख्ने ठाउँको छनौट गर्नका लागि स्थानीयस्तरमा काम शुरु भइसककेो छ । स्थानिय तहको निर्वाचनको मिति नजिकिदै जाँदा अहिले राजनीतिक महौल तातिदै गएको छ । दिनहुँ जसो विभिन्न दलहरुको कार्यक्रम, गोष्ठी, छलफल तथा पार्टी प्रवेश हुन थालेको छ । गत बर्ष कुनै दलबाट निर्वाचन लडेका नेताहरु अर्को दलमा प्रवेश गर्न थालेको छन् ।

लामो समयपछि २०७४ सालमा स्थानीय तहको निर्वाचन भयो । त्यो निर्वाचनमा विजयी भएर आएका जनप्रतिनिधीले स्थानीय तहको नेतृत्व गरेका छन् । उनीहरुको कामकार्वाहीको मूल्यांकन जनताले गर्नु जरुरी छ । मत जनताको अमूल्य वस्तु हो । एक पटक गर्ने मतदानले स्थानीयस्तरको भविष्य निर्धारण गर्ने गर्दछ । गत चुनावमा जे जस्तो गरिएपनि यस पटक सोंचविचार गरेर मतदान गर्नु जनताका लागि आवश्यक छ । यदी यस पटक सोंचेर मतदान गर्न नसकिए पाँच बर्षसम्म पश्चाताप बाहेक केहि पनि हुन सक्दैन् ।

चुनाव स्थानीय ठाउँको विकासका साथै जनताको हरेक समस्याको समाधान गर्ने प्रकृया हो । यसमा जनता चनाखो रहनैपर्छ । विगतमा जातिवादमा फँसेर, रकमको लोभमा परेर जसरी मतदान गरियो, त्यो काम रोक्नु जरुरी छ । आफ्नोभन्दा राम्रो मान्छेलाई छनौट गर्नु नितान्त जरुरी छ । आफ्नो घरकै मान्छे राम्रो छैन भने त्यस्तालाई जनप्रतिनिधी नबनाऔं । यसतर्फ गम्भीर भएर आगामी निर्वाचनमा आफ्नो मतको प्रयोग गरिए पाँच बर्षमा राम्रो विकास हुन सक्छ । सबै जनतालाई ध्यान दिनु जरुरी छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# आचारसंहिताको पूर्णपालनमा कडाइसाथ प्रस्तुत हुन सुझाव

**नारायणप्रसाद न्यौपाने**

काठमाडौँ, १२ चैत (रासस) ।

निर्वाचन आयोगलाई निर्वाचन आचारसंहिताको पूर्णपालना गर्ने/गराउने सिलसिलामा कसैसँग नलत्रन र कडाइका साथ प्रस्तुत हुन सुझाव दिइएको छ ।

निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा आयोग र नेपाल कानुन समाजको सहकार्यमा मुलुकका विभिन्न स्थानमा भइरहेको छलफलमा राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज र सङ्घसंस्थाबाट यस्तो सुझाव दिइएको हो ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहिता जारी र अनुगमन गरिए पनि आयोगले कारबाही गर्दैन त्यो देखाउने दाँत मात्रै हो भन्ने बुझाइलाई आगामी स्थानीय तह निर्वाचनमा चिर्न विभिन्न संयन्त्र र रणनीति बनाएर काम गर्ने जानकारी दिनुभयो ।

निर्वाचन आचारसंहिता विगतभन्दा फरक, विस्तृत र धेरै क्षेत्रलाई समेटिएकाले राजनीतिक दल, उम्मेदवार र सरोकारवाला पक्षको काम, कर्तव्य र अधिकारबारे नजिक स्थानमा पुगेर जानकारी गराउने उद्देश्यले आयोग र समाजद्वारा सात प्रदेशसहित देशका १५ स्थानमा अन्तरक्रिया गरिएको छ । विराटनगर, इलाम, पर्सा, रौतहट, जनकपुर, नुवाकोट, मकवानपुर, चितवन, कास्की, बाग्लुङ, दाङ, बाँके, सुर्खेत, कैलाली र काठमाडौँमा 'निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवलाको भूमिका' विषयमा अन्तरक्रिया गरिएको हो ।

**आचारसंहिता पालनामा आयोग दरिलोसँग उभियोस्**

अन्तरक्रियामा सहभागी वक्ताले भन्नुभयो, "आचारसंहिता विगतमा नभएको होइन, अहिले अलि बढी विस्तृत होला, तर यहाँ मुख्य कुरा के हो भने ठूला दल र सरकारले पालना नगर्ने, आयोग उनीहरूसँगै लत्रने गरेको देखियो, त्यो अन्त्य हुन पर्‍यो । गल्ती कमजोरी गर्नेमाथि कारबाही गर्न आयोग अली दरिलो भएर उभिनुपर्‍यो ।"

अघिल्लो निर्वाचनका क्रममा राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, अनुगमनकर्ता र निर्वाचनमा खटिएका कर्मचारी समेतले दिएका राय परामर्शका आधारमा आयोगले ७५३ वटै स्थानीय तहमा विभिन्न संयन्त्रमार्फत दरिलो निर्वाचन अनुगमन गर्न लागेको छ ।

प्रमुख आयुक्त थपलियाले भन्नुभयो, "यसपालिको निर्वाचन आचारसंहिता पहिलेभन्दा फरक, विस्तृत र धेरै क्षेत्रलाई समेटिएको छ । निजी क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाज मात्र नभई मतदाताका लागि पनि समेटेर आचारसंहिता बनाइएको छ ।"

सञ्चार र प्रविधिको विकाससँगै निर्वाचन आचारसंहिता उल्लङ्घनका नयाँ स्वरुपका चुनौती थपिएका छन् । विगतका निर्वाचनमा उम्मेदवार र कार्यकर्ता एकअर्काका पोष्टर पम्प्लेट उखेल्ने, हटाउने, च्यात्ने र आपसमा लाप्पा खेल्थे भने अहिले सामाजिक सञ्जाल अर्थात् साइबरमार्फत हुन सक्ने यस्ता आचारसंहिता उल्लङ्घनका घटना रोक्नुपर्ने चुनौती छ । आयोगलाई समयमै यी चुनौती नियमन र नियन्त्रण गर्न बुद्धिमत्तापूर्वक रणनीति बनाएर काम गर्न सुझाव दिइएको छ ।

निर्वाचन आचारसंहिता कार्यान्वयनमा ल्याउनु अघि राजनीतिक दल, नागरिक समाज र अन्य सरोकारवालालाई निर्वाचन खर्च र प्रचारप्रसार लगायतका विषयमा जानकारी दिई रायसुझाव लिन यही चैत ९ देखि १७ गतेसम्म अन्तरक्रिया भइरहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो ।

**मौन अवधिको पालना खै ?**

निर्वाचन आचारसंहिताको सबैभन्दा बढी उल्लङ्घन मौन अवधिमा हुँदै आएको छ । मौन अवधिमा आचारसंहिता हेर्न मुख्य जिम्मेवारीमा रहेको आयोग मौन हुने तथा मौन बस्नुपर्ने राजनीतिक दल र उम्मेदवार अझ बढी सक्रिय हुने अवस्था अन्त्य गर्न विशेष रणनीति बनाउन सुझाव दिइएको छ ।

आयोगले स्वतन्त्र, स्वच्छ, निष्पक्ष र मितव्ययी निर्वाचनको महत्वबारे सुसूचित गर्न अन्तरक्रियामार्फत प्राप्त सुझाव महत्वपूर्ण रहेको जानकारी दिएको छ । निर्वाचन आचारसंहिता पालना भए/ नभएको तथा साइबरबाट आउन सक्ने चुनौतीबारे अनुगमन गर्न बेग्लाबेग्लै रणनीति बनाउन लागेको छ ।

नेपाल कानुन समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानले निर्वाचन आचारसंहिता अनुगमनका लागि केन्द्रीय निर्वाचन अनुगमन, जिल्ला अनुगमन, निर्वाचन क्षेत्र अनुगमन, स्थानीय तह निर्वाचन आचारसंहिता अनुगमन समिति, निर्वाचन आचासंहिता कार्यान्वयन अनुगमन टोली, सूक्ष्म अनुगमन टोली, आचारसंहिता अनुगमन अधिकृत लगायतको संयन्त्र रहेको बताउनुभयो ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, मितव्ययी र भयमुक्त गराउन, व्यवस्थापन सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गरी प्रभावकारी तुल्याउन, आचारसंहिता पालना गराउन, सरोकारवालासँग समन्वय र सहजीकरण गर्न तथा निर्वाचनमा सबैलाई समान अवसर प्रदान गर्न अनुगमनको व्यवस्था राखिएको उहाँले जानकारी दिनुभयो ।

निर्वाचनका समयमा सबैभन्दा बढी सरकार र ठूला दलबाट हुन सक्ने आचारसंहिता उल्लङ्घनका घटनाका निगरानी गर्न दिएको साना दल, नागरिक समाज र सङ्घसंस्थाले दिएको सुझावलाई आयोग पदाधिकारीले गम्भीरतापूर्वक लिने प्रतिबद्धता जनाउनुभएको छ ।

अन्तरक्रियालगायत स्थानीय स्तरबाट आएका विषयवस्तु, रायसुझावका आधारमा परामर्श गरी आचारसंहिताको परिपालनाका लागि स्वघोषणा र दस्तखतसहितका प्रतिबद्धता व्यक्त गर्न लगाउने छ । आयोगले यही चैत २२ गतेको वरपरदेखि लागू हुने गरी आचारसंहिताका सम्बन्धमा निर्णय गरी कार्यान्वयनमा ल्याउने तयारी गरेको बुझिएको छ ।

# जनकपुरधामको विकासका लागि योजना बनाउँदै

जनकपुर, १२ चैत (रासस) ।

वीरगञ्जस्थित भारतको महावाणिज्य दूतावासले जनकपुरधामको विकासका लागि गर्न सकिने योजनाबारे सरोकारवालासँग छलफल अघि बढाएको छ ।

करिब चार वर्षअघि जनकपुरधाम भ्रमणको क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले घोषणा गर्नुभएको रु एक अर्बको आर्थिक सहयोगबाट जनकपुरधामको समग्र विकासका लागि गर्न सकिने योजनाबारे दूतावासले सरोकारवालासँग छलफल सुरु गरेको हो ।

जनकपुरधाममा आयोजित पत्रकार भेटघाट कार्यक्रममा वाणिज्यदूत नितेशकुमारले भारत सरकारले जनकपुरधामको विकासका लागि आर्थिक सहयोगको प्याकेज ल्याएको जानकारी दिनुभयो ।

"प्रधानमन्त्री मोदीले घोषणा गर्नुभएको आर्थिक सहयोगको घोषणा

*बाँकी तीन पृष्ठमा*


## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक । आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु ।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु ।
- बौवा बुच्चीके आइग सँ दूर राखु ।
- हवा बसात के समय मे आइग नै पजारु । सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु ।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु ।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही ।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु ।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु ।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी ।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु ।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु ।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै ।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु ।
- कहीँ कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# स्थानीय पाठ्यक्रम लागू गर्ने बर्दिबास पहिलो स्थानीय तह

**गोपालप्रसाद बराल**
महोत्तरी, १२ चैत (रासस)।

महोत्तरीको बर्दिबास नगरपालिका स्थानीय पाठ्यक्रम लागू गर्ने जिल्लाको पहिलो स्थानीय तह बनेको छ।

शनिबार महोत्तरी-१ का प्रतिनिधिसभा सदस्य गिरिराजमणि पोखरेलले नगरका सबै विद्यालयमा शैक्षिक सत्र २०७९ देखि लागू गरिएको स्थानीय पाठ्यक्रमको 'बर्दिबास ज्ञानमाला' नाउँको पुस्तक एक समारोहबीच विमोचन गर्नुभएको हो।

कक्षा-१ देखि ८ सम्मको स्थानीय पाठ्यक्रममा अब कक्षैपिच्छेको 'बर्दिबास ज्ञानमाला' पुस्तक विद्यार्थीलाई उपलब्ध गराइनेछ। अहिले कक्षा ५ सम्मको पुस्तक तयार भएर आएपछि यसअघिको सरकारमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीसमेत रहिसक्नु भएका पोखरेलले शनिबार विमोचन गर्नुभएको हो। कक्षा ६ देखि ८ सम्मको 'बर्दिबास ज्ञानमाला' पुस्तक नाउँको पुस्तक प्रकाशन क्रममा रहेको नगर कार्यपालिकाको कार्यालयका शिक्षा शाखाप्रमुख गणेश दाहालले जानकारी दिनुभयो।

बर्दिबास नगरपालिकाले आधारभूत तहमा स्थानीय पाठ्यक्रम लागू गरेर ससाना विद्यार्थीमा आफ्नो ठाउँबारे चासो जगाउने नयाँ काम थालेको पूर्वमन्त्री पोखरेलले बताउनुभयो। अब आधारभूत तहका छात्रछात्राले 'बर्दिबास ज्ञानमाला'बाट आफ्नो ठाउँको भूगोल, वेशभूषा, भाषाभाषी, रीतिथिति र स्थानीय सम्भावनाबारे आधारभूत ज्ञान पाउने पोखरेलको भनाइ छ। उहाँले जिल्लाका अन्य स्थानीय तहले पनि यसको सिको गर्न सके राम्रो हुने बताउनुभयो। स्थानीय पाठ्यक्रमसँगै प्राथमिक शिक्षा मातृभाषामा दिनसक्ने प्रबन्धको तयारीमा पनि सम्बन्धित स्थानीय तहले पहलकदमी लिनुपर्ने पोखरेलको भनाइ छ। स्थानीय पाठ्यक्रम लागू गर्ने बर्दिबास अहिलेसम्म जिल्लाको एकमात्र स्थानीय तह हो।

नगरप्रमुख विदुरकुमार कार्कीको अध्यक्षतामा सम्पन्न विमोचन समारोहमा नगर कार्यपालिकाको कार्यालयका शिक्षा तथा खेलकुद शाखाप्रमुख गणेश दाहालले शैक्षिक सत्रको प्रारम्भमै विद्यार्थीका हातमा पाठ्यपुस्तक पुऱ्याइने जानकारी दिनुभयो।

बर्दिबासलाई शैक्षिक केन्द्र (हब) बनाउने नगर नेतृत्वले बताउँदै आएको छ। नगर क्षेत्रमा आधारभूत र माध्यमिक गरी ५५ वटा सामुदायिक विद्यालय छन्। त्यसैगरी कृषि सङ्कायको अध्ययन अध्यापन हुने प्राकृतिक स्रोत साधन कलेज सञ्चालित छ। यसबाहेक शिक्षाशास्त्रमा स्नातकोत्तर र वाणिज्यशास्त्रमा स्नातक तहसम्मको अध्ययन हुने बर्दिबास जनता बहुमुखी क्याम्पस एवम् १० भन्दा बढी प्राविधिक विषयको पठनपाठन हुने निर्मल लामा बहुप्राविधिक शिक्षालय छ।

नगर क्षेत्रका सात माविले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को सम्बन्धनमा पशुविज्ञान, नापी, कम्प्युटर विज्ञान, फरेष्ट्री, इन्जिनियरिङ र कृषिसम्बन्धी पठनपाठन गराइरहेका छन्। मधेस प्रदेशभित्र बर्दिबासलाई शैक्षिक गन्तव्य बनाउने गरी काम अघि बढाइएको नगर शिक्षा शाखाले जनाएको छ। यसैगरी नगरले पछिल्लो पटक बौद्ध शिक्षा प्रारम्भ गर्ने निर्णय गर्दै गत फागुनमै सोसम्बन्धी सम्झौतामा हस्ताक्षर गरी सकेको छ।

बौद्ध शिक्षा लागू भएपछि बर्दिबासमा स्थापना हुने कलेजमा बौद्ध दर्शनसम्बन्धी ज्ञान, तालिम, खोज एवम् अनुसन्धान गरिनेछ। यो शिक्षाले आम नागरिकमा अष्टाङ्ग ध्यान, सम्यक जीवन र बौद्ध दर्शनका बहुआयामिक पक्षबारे चासो बढाउने यहाँका शिक्षाविद् बताउँछन्। सुखद जीवन जिउने कलाबारे बौद्ध दर्शनले सुझाएको बर्दिबास जनता बहुमुखी क्याम्पसका प्राचार्य तोपबहादुर ठकुरी बताउनुहुन्छ। यहाँ बौद्ध शिक्षाका लागि कलेज स्थापना हुनसके यसबारे सकारात्मक चासो बढ्ने, बौद्ध दर्शनको अध्ययन, अभ्यास, अन्वेषण र यससम्बन्धी सघन छलफल बढाउन सहयोग पुग्नेमा ठकुरी जस्तै यहाँका आम बुद्धिजीवी सहमत देखिएका छन्।

## *जनकपुरधामको ...*

अनुसारको रकम आउँछ, ढुक्क हुनुस्", उहाँले भन्नुभयो, "त्यो आर्थिक सहयोग कुन कुन योजना बनाएर, कसरी काम गर्ने भन्ने विषयमा मधेश प्रदेशका मुख्यमन्त्री, जनकपुरधाम नगरपालिकाका प्रमुख, प्रदेशका नीति योजना आयोगका पदाधिकारीलगायत सरोकारवालासँग छलफल गरिरहेका छौँ। उहाँहरूको सरसल्लाह र योजनाअनुसार नै हामी सहयोग गर्छौं।"

भारतीय सरकारको सहयोगमा सञ्चालित योजनाको अनुगमन गरी त्यसलाई समयमै सम्पन्न गर्न पहल गरिने वाणिज्यदूत नितेशकुमारको भनाइ थियो। मधेस प्रदेशका धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा तथा बागमती प्रदेशको चितवन र मकवानपुर गरी आठ वटा जिल्लालाई कार्यक्षेत्र बनाएर विगत एक वर्षभित्र चितवनको गुञ्जमान सिंह अस्पताल, राष्ट्रिय प्राथमिक विद्यायल, मकवानपुरको बागमती निम्न मावि, सर्लाहीको बालगोविन्द जनता मावि र जनता मावि सर्लाहीको भवन निर्माण गरिएको उहाँले जानकारी दिनुभयो।

केही समयपछि नेपाली युवा पत्रकारलाई परिचयात्मक भ्रमणका लागि भारत पठाउने योजना बनाइएको जानकारी दिँदै वाणिज्यदूत नितेशकुमारले नेपालबाट सांस्कृतिक टोली भारत पठाउनेसमेत योजना बनाएको सुनाउनुभयो।

## विश्व समाचार

### बेलायतले युक्रेनलाई दुई मिलियन पाउण्ड बराबरको अत्यावश्यक खाद्यान्न उपलब्ध गराउने

लन्डन (युके), १२ चैत (रासस-एएनआई)।

बेलायतले युक्रेनलाई दुई मिलियन पाउण्डको अत्यावश्यक खाद्यान्न सहयोग गर्न लागेको बेलायतको विदेश मन्त्रालयले शनिबार एक विज्ञप्तिमार्फत जनाएको छ।

"बेलायतले रुसी सेनाले घेरिएको युक्रेनका द्वन्द्वग्रस्त क्षेत्रका लागि अत्यावश्यक खाद्यान्न आपूर्तिका लागि दुई मिलियन उपलब्ध गराउने तयारी गरेको विदेशमन्त्री ट्रसले जनाउनुभएको छ। मन्त्रालयका अनुसार हाल युक्रेनमा १२ मिलियनभन्दा बढी मानिसलाई मानवीय सहायताको खाँचो देखिएको छ यो वास्तविक संख्या अझ बढी हुन सक्छ।

"पोल्याण्ड र स्लोभाकियाका गोदाम अर्को हप्ताको शुरुदेखि युक्रेन सरकारलाई यी सामान आपूर्ति गर्न तयार छन्। त्यसपछि लगभग २५ट्रक लोडहरू सडक र रेलमार्फत स्थानीय युक्रेनी समुदायमा ढुवानी गरिनेछ।" विज्ञप्तिमा जनाइएको छ।

गत फेब्रुअरी २४ माडोनेट्स्क र लुहान्स्कका टुक्रिएका गणतन्त्रले युक्रेनी उत्तेजना विरुद्ध आफूलाई बचाउन मद्दतको लागि अपील गरेपछि रुसले युक्रेनमा सैन्य कारबाही शुरु गरेको हो। रुसको कारवाहीको जवाफमा पश्चिमी देशले मस्को विरुद्ध व्यापक प्रतिबन्ध अभियान चलाएका छन्।

### जी-७ राष्ट्रद्वारा उत्तर कोरियाद्वारा मिसाइलप्रक्षेपणको निन्दा

अमेरिका (वाशिंगटन), १२ चैत (रासस-एएनआई)।

जी-७ राष्ट्रले उत्तर कोरियाद्वारा बिहीबार (स्थानीय समय)मा गरिएको इन्टरकन्टिनेन्टल ब्यालिस्टिक मिसाइल (क्ष्ऋद्यः) प्रक्षेपणसहित ब्यालिस्टिक क्षेप्यास्त्रको निरन्तर परीक्षणको निन्दा गरेको अमेरिकी विदेश मन्त्रालयको संयुक्त विज्ञप्तिमा उल्लेख गरिएको छ।

"हामी, क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, युनाइटेड किंगडम र संयुक्त राज्य अमेरिकाका जी-७ विदेशका मन्त्री र युरोपेली संघका उच्च प्रतिनिधि लोकतान्त्रिक जन गणतन्त्रद्वारा ब्यालिस्टिक मिसाइलको निरन्तर परीक्षणको कडा निन्दा गर्दछौँ", विज्ञप्तिमा भनिएको छ।

परराष्ट्र मन्त्रीले उत्तर कोरियालाई सुरक्षा परिषद्का सम्बन्धित प्रस्तावबाट उत्पन्न हुने सबै कानूनी दायित्वको पूर्णपालना गर्न आग्रह गरेका छन्। उनीहरूले संयुक्त राज्य अमेरिका, कोरिया गणतन्त्र र जापानलगायत सम्बन्धित सबै पक्षले राखेका बारम्बार वार्ताका प्रस्तावलाई स्वीकार गर्न कोरियालाई आह्वान गरे।

मन्त्रीहरूले सामूहिक विनाशकारी हतियारको जोखिमलाई छुँदै भने, "हामी सबै राज्यलाई संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्द्वारा लगाइएका उत्तर कोरियासम्बन्धी सबै प्रतिबन्धात्मक उपाय पूर्ण, प्रभावकारीरूपमा लागू गर्न र सामूहिक विनाशकारी हतियारको प्रसारको जोखिमलाई सम्बोधन गर्न आह्वान गर्दछौँ।

यसैबीच भारत र दक्षिण कोरियाले पनि उत्तर कोरियाद्वारा गरिएको लामो दूरीको ब्यालेस्टिक मिसाइल परीक्षणको निन्दा गरेका छन्।

### चीनद्वारा श्रीलङ्कालाई दुई हजार टन चामल सहयोग

कोलम्बो, १२ चैत (रासस/सिन्ह्वा)।

चीनले गम्भीर आर्थिक सङ्कटमा परेको श्रीलङ्कालाई आपतकालीन सहयोग स्वरुप दुई हजार टन चामल उपलब्ध गराएको छ।

कोलम्बोस्थित चिनियाँ दूतावासले शुक्रबार वक्तव्य जारी गर्दै छिमेकी मुलुकको आधारभूत जिम्मेबारी स्वरुप दुई हजार टन चामल उपलब्ध गराइएको जनाएको हो।

चीनले श्रीलङ्कालाई उपलब्ध गराएको चामलको मूल्य झण्डै २५ लाख अमेरिकी डलर पर्ने पनि वक्तव्यमा उल्लेख गरिएको छ।

मुलुकमा आर्थिक सङ्कट उत्पन्न भएपछि विद्यार्थीको परीक्षाका लागि कागज किन्नसमेत नसकेको श्रीलङ्काले सहयोगका लागि सबैलाई अनुरोध गरेको थियो।

श्रीलङ्काको आग्रहकै आधारमा सहयोग उपलब्ध गराइएको पनि चिनियाँ दूतावासद्वारा जारी वक्तव्यमा लेखिएको छ।

कोरोनाभाइरसको महामारी र त्यसपछिको राष्ट्रिय तथा अन्तरराष्ट्रिय विभिन्न परिस्थितिका कारण श्रीलङ्का सङ्कटमा परेको श्रीलङ्काली अधिकारीले दावी गरेका छन्।

चीन र श्रीलङ्काबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६५औं वार्षिकोत्सव चलिरहेकाले दुई देशको सम्बन्ध निकै पुरानो भएकाले पनि चीनले सहयोग गर्ने दूतावासको भनाइ छ।

चीनले श्रीलङ्कालाई आफ्नो क्षमताअनुसार आर्थिक तथा सामाजिक विकासका लागि अन्य सहयोग पनि निरन्तर गर्ने जनाएको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# प्रिमियर लिगमा टिभीएस किंग्स र राजविराज किंग्स विजयी



**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

राजविराज मेयर कप सप्तरी प्रिमियर लिगको शनिबार सम्पन्न दुई खेलमा टिभीएस किंग्स राजविराज र राजविराज द किंग्स बिजयी भएको छ ।

राजविराज नगरपालिकाको सहयोग तथा सप्तरी क्रिकेट संघको आयोजनामा संचालित प्रतियोगिताको शनिबार सम्पन्न पहिलो खेलमा टिभीएस किंग्स राजविराजले राजविराज ब्रदर्शलाई ५३ रनले पराजित गरेको हो । टिभीएस किंग्सको यो दोश्रो जित हो ।

टिभीएस किंग्स राजविराजले १ सय ७५ रनको लक्ष्य दिएपछि राजविराज ब्रदर्शले २० ओभर ब्याटिंङ गरे पनि ८ विकेटको क्षतीमा १ सय २१ रन मात्र बनाउन सक्यो । ब्रदर्शका चन्द्र प्रकाश मेहताले ३९ तथा निरज कुमार यादवले २९ रन योगदान दिए । टिभीएस किंग्सका बलर बिशाल सुश्लिंग र दिपेश सरदारले २/२ विकेट तथा शेइख इमरान, महबुब आलम र पप्पु यादवले १/१ विकेट लिए ।

यसअघि टिभीएस किंग्सले २० ओभरमा ८ विकेट क्षतीमा १ सय ७४ रन बनाएको थियो । उसको लागि ओपनर रोहन बिकले सर्वाधिक ४२ रन, बिशाल सुश्लिंगले ३५ रन तथा महबुब आलमले ३३ रन योगदान दिए । राजविराज ब्रदर्शका पार्थिव यादवले ३, सोनु तामाङले २ तथा अनुज चुनारा र अजय यादवले १/१ विकेट लिए । उक्त खेलको प्लेयर अफ द म्याच बिशाल सुश्लिंग घोषित भए ।

शनिबारै भएको दोश्रो खेलमा राजविराज द किंग्सले २० ओभरमा ८ विकेट क्षतीमा २ सय २४ रन बनायो । राजविराज द किंग्सले पहिलो जित दर्ता गर्ने क्रममा तिलाठी कोइलाडी जायन्ट्सलाई १ सय ९ रनको विशाल अन्तरले पराजित गर्यो । द किंग्सले दिएको २ सय २५ रनको लक्ष्य पछ्याएको जायन्ट्सले १६ ओभरमा १ सय १५ रनमा सम्पूर्ण विकेट गुमायो ।

तिलाठी कोइलाडीको ब्याटिंङमा रोशन विश्वकर्माले सर्वाधिक २० रन बनाए । राजविराज द किंगको बलिंङमा रोहित कुमार सिंह, नन्दन यादव, रुपेश कुमार सिंह र फिर्दोश अन्सारीले समान २ विकेट लिए । द किंग्सका ओपनर सन्तोष कार्कीले आक्रामक ब्याटिंग गर्दै ८८ रन बनाए जुन क्रममा ४१ बलमा ४ चौका र ९ छक्का प्रहार गरे । यस्तै नन्दन यादवले ३७, फिर्दोश अन्सारीले ३४ तथा शंकर रानाले २९ रन बनाए । तेश्रो विकेटको लागि सन्तोषले फिर्दोशसंग १०८ रनको साझेदारी गरे ।

तिलाठी कोइलाडीका बलर जितेन्द्र यादवले ३, विकास दासले २ तथा अविशेक कार्की र योगेन्द्र सिंह कार्कीले १/१ विकेट लिए । खेलको प्लेयर अफ द म्याच सन्तोष कार्की घोषित भए ।

# वर्तमान युग मातृशक्तिको युग हो : मन्त्री साह




**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

चित्रगुप्त सेवा समितिको ४७ औ सधारण सभा शनिवारदेखि राजबिराजमा सुरू भएको छ ।

सधारण सभाको उदघाटन गर्दै मधेश प्रदेशको समाजिक बिकास मन्त्री नवलकिसोर साहले वर्तमान युग मातृशक्तिको युग रहेको भन्दै लोकसेवा पनि ५० प्रतिशत महिलालाई स्थान दिने ब्यबस्था प्रदेश सरकारले पास गरेको बताए ।

विगतको समय पुरुष प्रधान रहेपनि वर्तमान समय महिलाको रहेको भन्दै मन्त्री साहले शिक्षित महिलाले हरेक क्षेत्रमा पुरुष सरह काम गरेर देखाउन सक्ने जिकिर गरे । उनले जातिय संस्कृतिको जगेर्ना र सामाजिक विकास निर्माण कार्यमा अग्रपंक्तिमा रहेर उक्त समितिलाई आफ्नो व्यक्तिगत र प्रदेश सरकारको तर्फबाट पनि हरसम्भव सहयोग रहने प्रतिबद्धता समेत जनाए ।

उनले समुदायलाई फाइदा पुग्ने योजनाहरु ल्याउन आग्रह गर्दै प्रदेश सरकारको तर्फबाट २५ लाख रुँपैयासम्म सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाए ।

समितिका अध्यक्ष अशोक कर्णको अध्यक्षतमा आयोजित उद्घाटन समारोहमा प्रदेश सभा सदस्य मनिष सुमन, राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव, लोसपाका दिपेन्द्र चौधरी, नेपाली काँग्रेसका ध्रुब देव, मैथिलि साहित्य परिषद्का पूर्वअध्यक्ष देवेन्द्र मिश्रलगायतले जातिय उत्थानसँगै शिक्षा क्षेत्रमा समितिले गरेको योगदानको प्रशंसा गर्दै साधारणसभाको सफलताको शुभकामना दिए ।

कार्यक्रममा चित्रगुप्त सेवा समितिद्वारा निर्माण भइरहेको धर्मशालाका लागि सहयोग गर्ने प्रदेशसभा सदस्य मनिष सुमन, स्थानियवासी राजेश कर्ण, सुरतलाल साह, प्रिया कर्ण, राजिव कर्ण, संजय कर्ण, निर्मलादेवी भगत लागयतका दाताहरुलाई मन्त्री साहले कदरपत्र र दोसल्लाबाट सम्मान गरे ।

कार्यक्रममा समितिका महासचिव सतिश दत्तले वार्षिक प्रगति तथा कोषाध्यक्ष शिवकुमार निधीले कोषाध्यक्षीय प्रतिवेदन प्रस्तुत गरे । कलमजिवीका रूपमा स्थापित समुदायको उक्त संस्थाको चुनावी सधारण सभा समेत भएकाले बन्द सत्र सहित सभा दुई दिन सम्म चल्ने आयोजकले जनाएको छ ।

# लागुऔषधसहित एक पक्राउ

वीरगञ्ज, १२ चैत (रासस) ।

बाराबाट प्रहरीले दुई हजार ९९० थान प्रतिबन्धित लागुऔषधसहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सर्लाही जिल्लाको पर्सा गाउँपालिका-२ संग्रामपुर बस्ने वर्ष २० को मिथिलेशकुमार मण्डल रहेका छन् ।

सर्लाहीबाट काठमाडौँ जाँदै गरेको नाञ्ख २६८१ नंको सुपर राजेश डिलक्स यात्रुबाहक बस रोकी जाँच गर्दा उक्त बसको पछाडि डिकीमा लुकाइ ल्याएको डाइजेपाम ९९७ थान, फेनारगन एक हजार थान र नुर्फिन ९८६ थान बरामद गरिएको थियो ।

पक्राउ परेका मंडललाई हिरासतमा राखी थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


डढेलोबाट बचौ र बचाऔ ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौ,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔ,
- वन जंगलमा धुम्रपान नगरौं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोवाट आफू पनि वचौं र अरुलाई पनि वचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# म्यादी प्रहरीका लागि ९ हजार ४ सय २४ जनाको आवेदन

**दैनिक समाचारदाता**
**राजविराज, १२ चैत ।**

स्थानिय निर्वाचनका लागि म्यादी प्रहरीको आवेदन खुलेपछि सप्तरीमा ९ हजार ४ सय २४ जनाको आवेदन परेको छ ।

२०७९ साल बैशाख ३० गते हुने स्थानिय तहको निर्वाचनका लागि सप्तरीमा ३ हजार १ सय ३९ म्यादी प्रहरीको माग रहेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार आवेदन परेका मध्ये ८ हजार ७ जना पुरुष र १ हजार ४ सय १७ जना महिलाको गरि ९ हजार ४ सय २४ जनाको आवेदन परेको छ । प्रहरीका अनुसार आवेदन परेकाहरुलाई चैत १३ गते सम्पर्क गर्न भनिएको छ । सो आवेदन दिने मिति चैत ६ देखि ११ गतेसम्म तोकिएको थियो । म्यादी प्रहरीमा भर्ना हुनका लागि नेपाली नागरिक हुनुपर्ने, फौजदारी अभियोग लागेको नहुनुपर्ने, कुनै राजनीतिक दलको सदस्य हुनु नहुने, शारीरिक र मानसिकरुपले तन्दुरुस्त हुनुपर्ने लगायतका मापदण्ड राखिएको छ भने म्यादी प्रहरी भर्नाका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका पूर्वसुरक्षाकर्मीलाई प्राथमिकता दिइएको छरि। उनीहरुको सेवा अवधि ४० दिन रहेनछ । म्यादी प्रहरीका लागि प्रहरी जवानको तलब सरह (आधारभूत तलब महिनाको २२,६८० रुपैयाँ) ले ३० हजार २४० रुपैयाँ तोकिएको छ ।

त्यस्तै खाद्यान्नवापत एकमुष्ठ ७ हजार २०० रुपैयाँ र पोशाक र अन्य सामग्री खरिदका लागि प्रतिव्यक्ति ६ हजार रुपैयाँका दरले थप रकम उपलब्ध गराइने र निर्वाचनमा खटिने कर्मचारीका लागि तयारी रुवरुप खटाइएको ठाउँमा आउन जान थप एक हजार रुपैयाँ उपलब्ध गराइने जनाइएको छ ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*